

# अध्याय ११

# बहिरा बालकहरूसँगको सहकार्य

समुदायले बहिरा बालकहरूको अवस्थामा भिन्नता ल्याउन सहकार्य गर्न सक्छ । यसका लागि धेरै उपायहरू छन् । यी उपायहरूले खासगरी बहिरा वा राम्ररी सुन्न नसक्ने बालकहरूका आवश्यकताहरू र क्षमताहरू सम्बन्धमा सचेतना अभिबृद्धि गर्नु पर्छ । यसो भएमा समुदाय उनीहरूका लागि एउटा राम्रो ठाउँ बन्नेछ । समुदायले राम्ररी सुन्न नसक्ने बालकहरूलाई शिक्षा प्राप्त गर्न सक्ने वातावरण मिलाउन सक्छ र उनीहरूका परिवारहरूलाई सहयोग गर्न सक्छ ।

## समुदाय के हो ?

धेरैले मुख्य समुदायको रुपमा आफ्नै छिमेक वा उनीहरू बसोबास गर्ने क्षेत्रलाई मात्र आफ्नो हो भन्ने ठान्छन् । तर यी बाहेक अन्य धेरै प्रकारका समुदायहरू पनि आफ्नै बन्न सक्छन् । यदि बहिरा बालकहरूका परिवारहरू एकै समयमा धेरै समुदायहरूका सदस्य हुनसके भने ती समूहहरूले बहिरा बालक र तिनका परिवारहरूलाई सहयोग गर्न सक्छन् ।



## बालकहरू सिक्ने र खेल्ने क्रममा एउटा समुदाय बन्छ

बालकहरूको समुदाय एक आपसका लागि स्वाभाविक समुदाय हो । तर बालकहरूलाई बहिरोपन भएका वा अन्य प्रकारका भिन्नता तथा आफू भन्दा फरक भएका व्यक्तिहरूलाई पनि समावेश गर्नुपर्छ भनेर प्रोत्साहन दिइनु आवश्यक छ । प्रौढ तथा ठूला बालकहरूले उनीहरूलाई अरूको आदर गर्न र धैर्य, निश्पक्षता र सेवाभाव जस्ता गुणहरू विकास गर्न सहयोग गर्न सक्छन् र गर्नु पनि पर्छ । श्रवण स्तर कम वा धेरै भएका बालकहरूलाई एक आपसमा सम्बन्ध गाँस्न कसरी प्रोत्साहित गर्नेबारे थप जानकारीका लागि सामाजिक सीप विकाससम्बन्धी अध्याय १० हेर्नुहोस् ।



## बहिराहरूको एउटा समुदाय बन्छ

कहिलेकहीं बहिरा व्यक्तिहरूलाई उनीहरूका सेवासुविधा तथा आवश्यकताहरूबारे सरोकार राख्ने कुनै समुदाय छैन जस्तो लाग्न सक्छ । धेरै समुदायहरूमा बहिरा व्यक्तिहरूलाई उनीहरूका परिवार, नातेदारहरू, छिमेकीहरू र उनीहरूसँग संचार गर्न नजान्ने व्यक्तिहरूले हेयभाव या अस्वीकार गरेजस्तो लाग्ने गर्दछ । कहिलेकहीं अरू व्यक्तिहरूले उनीहरूलाई हाँसोमा उडाउछन् वा जिस्क्याउँ छन् । र विशेषगरी आफ्ना बहिरा बालकहरूलाई अरूले जिस्क्याउँदा आमाबाबुलाई पीडा हुन्छ । जहाँ बसोबास गर्ने भएता पनि बहिरा वा राम्ररी सुन्न नसक्ने व्यक्तिहरूले उस्तै समस्याहरूको सामना गर्नुपर्छ । समाजभित्र आफ्नो स्थान ग्रहण गर्न बहिरा व्यक्तिहरूलाई अझै पनि ज्यादै कम अवसरहरू उपलब्ध छन् ।

बहिरा व्यक्तिहरूले एकै प्रकारका समस्याहरूको सामना गर्ने र एकै प्रकारको संचार-उपाय (जस्तो साङ्केतिक भाषा) अपनाउने हुँदा प्रायस: एक आपसमा घनिष्ट भएको अनुभव गर्छन् नजिकै या टाढाका बासिन्दा भएपनि बहिरा व्यक्तिहरूले एक अर्काको जीवनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् ।

**दुई वा सो भन्दा बढि बहिरा व्यक्तिहरूको आपसी सम्बन्ध विस्तार गर्न तथा कायम राख्न सकिने अवस्थामा समुदाय निर्माण हुन्छ ।**




बहिरा व्यक्तिहरू एक अर्काका लागि आडभरोसा र मार्गदर्शनका स्रोत बन्न सक्छन् । उनीहरूको एक आपसमा भेटघाट हुने क्रममा एउटा बलियो समुदाय निर्माण हुने गर्छ । विद्यालयमा या वरपर बहिरा बालकहरू सँगै सिक्ने र सँगै हुर्कने क्रममा समुदायहरू बन्न सक्छन् । यसैगरी बहिरा व्यक्तिहरू बहिराहरूका क्लबहरूमा, सहकारी कार्यस्थलहरूमा र मन्दिर मठहरूमा भेला हुन सक्छन् ।

वयष्क प्रौढहरू बहिरा बालकबच्चा हुर्काइरहेका परिवारहरूका लागि धेरै सहयोगी सावित हुन सक्छन् । किनकि उनीहरू परिवारहरूले प्रायस सामना गर्नुपर्ने चुनौतिहरू र तिनका आवश्यकताहरू बुझ्छन् ।

### बहिराहरूलाई स्नेह तथा माया गर्नेहरूले विभिन्न समुदायहरूलाई एकै ठाउँमा ल्याउन सक्छन्

धेरै सुन्नसक्ने व्यक्तिहरूले बहिरा व्यक्तिहरूसँगको मित्रताको मूल्य बुझ्छन् । उनीहरूका बहिरा मित्रहरू हुन सक्छन्, बहिरा मानिसहरूसँग काम गर्न सक्छन् वा उनीहरूकै परिवार भित्र राम्ररी सुन्न नसक्ने व्यक्ति पनि हुन सक्छन् । बहिराहरूसँग संचार गर्न सक्ने सुन्नसक्नेहरुले बहिरा र सुन्नसक्नेहरू बीच पुलको काम गर्न सक्छन् । साङ्केतिक भाषा सिकेका सुन्नसक्नेहरूले बहिरा र सुन्नसक्ने व्यक्तिहरूलाई एक अर्काबारे बुझ्न र बहिरा बालकहरूको विकासमा सहयोग पुऱ्याउन सक्छन् ।

#### जोजफ र गायन मण्डली

हाइटीका जोजफ (सुन्नसक्ने व्यक्ति) ले आफ्नो छिमेकमा सञ्चालित कक्षामा साङ्केतिक भाषा सिके । उनले सहरका केही बहिरा व्यक्तिहरूसँग मित्रता गाँसे । यस क्रममा उनीहरूले उनलाई बहिरा व्यक्तिहरूका लागि चर्चमा आयोजना गरिने प्रार्थना सभाहरूमा स्वयंसेवक बन्न प्रोत्साहित गरे । जोजफले प्रार्थनाका श्लोकहरूलाई साङ्केतिक भाषामा अनुवाद गरे ।



चर्चमा संलग्न हुने क्रममा उनले बहिरा युवाहरूलाई प्रार्थना सभामा गाइने केही गीतहरू सङ्केत गर्न (र आवाज निकालेर गाउन) सिकाउन थाले । चाँडै बहिरा युवाहरूको गायन मण्डली बन्यो र सो मण्डलीले उनीसँग गाउन र सङ्केत गर्न थाल्यो ।

अहिले जोजफ र बहिराहरूको गायन मण्डली हाइटीका ग्रामीण पहाडका चर्चहरूमा गाउन जान्छन् । धेरैले जोजफलाई गायन मण्डलीका बारेमा सोध्छन् र उनलाई आफ्ना परिवारका बहिरा बालकहरूबारे बताउँछन् ।

जोजफले यस अवसरमा शहरको एउटा ठूला बहिरा बालकहरूको आवासीय विद्यालयबारे जानकारी दिने गर्छन् ।

बहिरा युवाहरूलाई ग्रामीण चर्चहरूमा आउने वातावरण बनाएर सुन्नसक्ने समुदाय र बहिराहरूको समुदायलाई घनिष्ट बनाउन जोजफ सक्षम भएका छन् ।

## समुदायलाई बहिरा बालकहरूका लागि सहज स्थान बनाउने

### सचेतना बढाउने

वयस्क र ठूला बालकहरूले बहिरा बालकहरूलाई गर्ने व्यवहारले अरू व्यक्तिहरूलाई ठूलो प्रभाव पार्छ । उदाहरणका लागि यदि कसैले बहिरा बालकहरूलाई आफ्ना क्रियाकलापहरूमा समावेश गर्छ वा बहिरा बालकहरूमाथि हुने खराब व्यवहारको विरोध गर्छ भने अरूहरूले पनि उसको सिको गर्न थाल्नेछन् । यहाँ विद्यालयमा बहिरा बालकहरूलाई गरिने व्यवहारमाथि सकारात्मक प्रभाव पार्न सफल भएका मङ्गोलियाका एक प्रधानाध्यापकको कथा दिइएको छ ।

### बहिरा बालकहरूलाई स्वागत गर्ने विद्यालय

मङ्गोलियाको एउटा सहरको कुरा हो । त्यहाँका केही परिवारहरूले स्थानीय विद्यालयमा बहिराहरूको निम्ति कक्षा सञ्चालन गर्न कडा मेहनत गरे । तर, विद्यालयमा बहिरा बालकहरूलाई जिस्क्याउने र उल्ल्याउने केही घटनाहरू घटे । त्यसपछि प्रधानाध्यापकले सबै विद्यार्थीहरूको एउटा भेला बोलाए । सो भेलामा सुन्न नसक्ने बालकहरूलाई असल व्यवहार गरिनु पर्छ भनी जोड दिए, यसका साथै उनीहरूलाई कसैले अशिष्ट व्यवहार गरे भने स्वीकार्य हुँदैन र विद्यालयमा सबै प्रकारका विद्यार्थीहरूलाई स्वागत छ भनेर सम्झाए ।

सो भेलापछि सबैजनाको व्यवहारमा परिवर्तन आउन थाल्यो । समय बित्दै जाँदा शिक्षकहरू, आमाबाबुहरू र विद्यार्थीहरू आफ्ना बहिरा कक्षाहरूबारे गर्व गर्न थाले र विद्यार्थीहरूप्रति जिम्मेवार बने । अहिले अरू बालकहरूले आफ्नो विद्यालयका बहिरा बालकहरूलाई विद्यालय बाहिर भेट्दा पनि मित्रवत् व्यवहार गर्छन् । अरू कक्षाका विद्यार्थीहरू प्राय: बहिरा कक्षामा आइरहन्छन् र केही ठूला बालकहरूले कलिला बहिरा बालकहरूलाई मङ्गोलियन नाँच नाच्न सिकाएका छन् ।




### अरुहरूलाई पनि आफ्ना नानीसँग संचार गराउने गर्नुहोस्

समुदायका प्रौढ र बालकहरूले बहिरा बालकहरूसँग अन्तरक्रिया गर्न थाले भने दुवै पक्षलाई सहयोग हुनसक्ने वातावरण बन्न सक्छ । उनीहरूले अरू बालकहरूलाई गरे जस्तै आदर र माया बहिरा बालकहरूलाई गर्नुपर्छ । जब समुदायका सदस्यहरूले बहिरा बालकहरूसँग संचार गर्न थाल्छन्, तब उनीहरूले बहिरा बालकहरू पनि अरू बालकहरू जस्तै हुन्छन् भनेर थाहा पाउन सक्नेछन् ।

कुनै पनि व्यक्तिलाई नानीसँग भेटघाट भएका बखत संचार गर्न प्रोत्साहित गर्नुहोस्। भेटघाट भएका बखत उनीहरूलाई आफ्नी नानीसँग परिचय गराउनुहोस्। उनीहरूलाई नानीलाई कसरी स्नेह गर्ने र नानीलाई उनीहरुको कसरी स्वागत गर्ने कुरा सिकाउनुहोस्। सुन्नसक्ने बालकहरुलाई जेजस्ता आदरार्थी तथा स्वागतार्थी शब्दहरू सिकाइने गरिन्छ, ती शब्दहरुबारे बहिरा नानीहरूलाई पनि सिकाउनु होस्। नानीलाई प्रत्येक व्यक्तिको नामको शब्द वा सङ्केत सिकाउनुहोस् र समुदायका व्यक्तिहरूलाई पनि नानीको नामको शब्द वा सङ्केत सिकाउनुहोस्।




समुदायका मानिसहरूलाई बहिरा नानीसँग कसरी व्यवहार गर्ने भनी बताउनुभयो र केही सङ्केतहरू र हाउभाउहरू गरेर देखाउनु भयो भने उनीहरूले तपाईंको नानीसँग बढी सहजका साथ व्यवहार गर्न सक्छन्। आफ्नी नानीसँग कुरा गर्दा वा सङ्केत गर्दा उसले देख्नसक्ने गरी गर्नु सबै भन्दा राम्रो हुन्छ भनेर बताउनुहोस्। जसरी सुन्नसक्ने नानीहरूसँग संवाद गरिन्छ त्यसैगरी आफ्ना अनुहारका भाव र हाउभाउको प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउनुहोस्।

बहिरा बालकहरूका परिवारहरूले आफ्नो छिमेकीहरूलाई बहिरोपन र सुन्न सक्ने क्षमताका 'भिन्नताहरू'प्रति सचेतना जगाउने, सम्मान गर्ने र बुझ्न सहयोग पुऱ्याउने कार्यक्रमहरूको आयोजना गर्न सक्छन्। यसरी उनीहरूले आफ्ना मित्रहरूलाई र समुदायका समूहरूलाई बहिरा वा अन्य कारणले 'भिन्न' बालकहरूलाई माया गर्न पर्ने कुरा आत्मसात् गराउन सक्छन्।

बहिरो हुँदा कस्तो अनुभव हुन्छ भनी थाहा पाएमा मानिसहरूले सुन्न नसक्ने नानीलाई राम्ररी बुझ्न सक्नेछन्। सिक्नका लागि यहाँ केही रमाइला उपायहरू दिइएका छन्। यी खेलहरू चर्च, मन्दिर वा अन्य धार्मिक स्थलहरू, क्लिनिकहरू (अस्पताल), विद्यालयहरू र समुदायका समूहहरू जस्ता सार्वजनिक स्थलहरूमा आयोजना गर्न सकिन्छ। यी खेलहरू सचेतना अभिवृद्धि तालिम वा अभिभावक भेलाहरूमा पनि खेल्न सकिन्छ।

## ▶ *सुन्नसक्नेहरूलाई बहिरो वा राम्ररी सुन्न नसक्ने हुँदा कस्तो हुन्छ भनी बुझाउन कसरी सहयोग गर्ने*

### खेल : के भनेको हँ ?

यस खेलमा एक व्यक्तिले आफ्नो कान बन्द गर्नु पर्छ र अर्को व्यक्तिले समूहमा एउटा कथा सुनाउनु पर्छ। कथा सुनाई सकेपछि सबैलाई कथासम्बन्धी प्रश्नहरू सोध्नु पर्छ। र कान बन्द गरेको व्यक्तिलाई कथा सुन्न नपाएकोमा कस्तो अनुभव भयो भनी सोध्नु पर्छ। त्यपछि हरेकलाई कथा सुन्न नपाउनु भएका भए तपाईंलाई कस्तो अनुभव हुन्थ्यो होला भनी सोध्नु पर्छै।



त्यसपछि समूहमा सबैलाई राम्ररी सुन्न नसक्ने बालकसँग राम्ररी संचार गर्न के के गर्न सकिन्छ ? सो बारे छलफल गर्न लगाइनु पर्छ ।




### ▶ बालकहरूलाई बिनाआवाजको संचार गर्न कसरी सिकाउने

सुन्न कठिनाइ हुने बालकहरूलाई प्रायस: बोल्नमा पनि कठिनाइ हुन्छ । सुन्न नसक्ने व्यक्तिहरूलाई बोली कस्तो हुन्छ भन्ने थाहा हुँदैन । यसकारण उनीहरूको बोली कैयनलाई अनौठो लाग्न सक्छ । कममात्र सुन्ने या सुन्दै नसुन्नेहरु बोल्न लजाउन पनि सक्छन् । फलस्वरूप धेरै बहिरा व्यक्तिहरू आफूसँग हिमचिम भएका व्यक्तिहरुसँग मात्र कुराकानी गर्ने गर्छन् । या उनीहरु बोल्न रूचाउँदैनन् र हाउभाउ, सङ्केत वा साङ्केतिक भाषामा संचार गर्छन् ।

**खेल : हाउभाउ**

यस खेलले सुन्नसक्ने बालकहरूलाई नबोली संचार गर्न कति कठिन हुन्छ भन्ने कुरा बुझ्न सहयोग गर्छ । यस खेलमा प्रत्येकलाई पालैपालो आवाज ननिकाली केही कुरा व्यक्त गर्न लाउनु पर्छ । यस खेललाई 'मलाई निद्रा लाग्यो' वा 'मलाई बल देऊ' जस्ता सजिला कुराहरु गर्न लगाई अघि बढाउनु पर्छ । त्यसपछि 'मैले बाटो बिराएँ', 'घर भेट्टाउन सकिन' वा 'मैले नराम्रो सपना देखें' जस्ता केही कठिन कुराहरु व्यक्त गर्न सकिने हाउभाउ गर्न लगाउनु पर्छ ।



खेल सकिएपछि निम्न विषयहरुमा कुराकानी गर्नु राम्रो हुन्छ :

- नबोली कुनै कुराबारे व्यक्त गर्न कतिको गाह्रो भयो ?
- आफूले व्यक्त गर्न खोजेको कुरा अरुले नबुझ्दा कस्तो अनुभव भयो ?
- व्यक्त गर्न हाउभाउ गर्दा अन्य बालकहरूले के के सहयोग गरे ? राम्ररी व्यक्त गराउनका लागि उनीहरूले केकस्तो थप सहयोग गर्नु पर्थ्यो ?
- बोल्न नसक्ने बालकहरूसँग संचार गर्न कसरी सकिएला ?

यस खेलमा कुरा स्पट व्यक्त गर्न गरिएका कतिपय हाउभाउलाई संकेतका रुपमा प्रयोग गर्न सकिन्छन् । ती संकेतहरु संचार गर्नका लागि कतिका सजिलो छन् बुझ्नु पनि पर्छ । बालकहरूलाई स्थानीय साङ्केतिक भाषाबारे वा परिवारभित्र एक अर्काबीच संचार गर्न कसरी सङ्केतहरू बनाउनेबारे बताउने यो सबै भन्दा राम्रो समय हो (अध्याय ४ हेर्नुहोस्) । बालकहरूलाई केही घरेलु सङ्केतहरू सिकाउनका लागि अध्याय ४ को पाना ४० देखि ४३ हेर्नुहोस् ।

### बहिरा बालकहरू र उनीहरूका परिवारका लागि सेवाहरू

सबै मानिसहरूलाई पानी, विद्युत, यातायात, शिक्षा र स्वास्थ्य सेवा जस्ता आधारभूत सेवाहरूको आवश्यकता पर्छ । यस्ता सेवाहरू प्रदान गर्न प्रायस: समुदायका पूरै स्रोतहरू चाहिन्छ । यसता सेवा र स्रोतहरु बहिरा बालक र तीनका परिवारहरूलाई पनि आवश्यक छन् । समुदायका हरेकसँग आआफ्ना खालका ज्ञान, स्रोतहरू र सीपहरू हुन्छन्, जुन एकाआपसमा आदानप्रदान गर्न सकिन्छन् । पुरै समुदाय वा केही परिवारका समूहहरुले सामूहिकरुपमा निम्न कराहरुका लागि सङ्गठित प्रयाशहरु गर्न सक्नेछन्, जस्तै:

- कलिला बालकहरूको श्रवणशक्ति जाँच्ने सिक्न ।
- स्थानीय स्वास्थ्य कार्यकर्तालाई कानका सङ्क्रमणहरू पहिचान गर्न र उपचार गर्न सहयोग पुऱ्याउन । यसो भएमा बहिरोपन रोकथाम कार्य सहयोग पुग्नेछ ।
- बहिरा बालकका परिवारहरूलाई भेटघाट गर्ने थलो या स्थानको बन्दोबस्त गर्न ।
- बोलिने वा साङ्केतिक भाषाका कक्षाहरू सञ्चालन गर्न ।
- समुदायका व्यक्तिहरुलाई अलिअलि सुन्न सक्ने बालकहरुले बुझ्न सक्ने आवाजमा बोल्न सिकाउन ।
- विद्यालयमा वा खेल खेल्दा बोलेका कुराहरुलाई सङ्केतहरूमा परिवर्तन गर्न ।



कुनै पनि सुरक्षाको अर्थ दिने यस्ता चिह्नहरूले सबैका लागि सडक सुरक्षित स्थल बन्न सक्छ ।

भारतको आमाबाबुहरुको एउटा समूहले नानीहरूका निम्ति नजिकै श्रवण सहयोगी यन्त्र जडान, मर्मत र सम्भार गर्ने तालिमाप्राप्त स्वास्थ्य कार्यकर्ता उपलब्ध हुन्छ भन्ने ठानेर आफ्नो सहरमा श्रवण सहयोगी यन्त्र सेवा केन्द्र ल्याउने काम गरे ।

आमाबाबु समूह वा स्वास्थ्य चौकी तथा उपचौकीहरुले समुदाय बाहिरका व्यक्ति वा सङ्घसंस्थाहरूलाई नयाँ सेवा प्रारम्भ, तालिम दिन र छलफलको नेतृत्व गर्न आफ्नो गाऊँमा आमन्त्रण गर्न सक्छन् । वा समुदायले पैसा सङ्कलन गरी गाऊँकै कुनै व्यक्तिलाई तालिममा पठाउन सक्छन् । ती व्यक्तिले आफू फर्किएपछि अरूलाई तालिम दिन सक्छन् ।

## सहयोगी समूहहरूको निर्माण

बहिरा बालकका परिवारहरू एक अर्काका लागि महत्वपूर्ण स्रोतहरू हुन् । उनीहरूले नियमित भेलाहरू आयोजना गरी विभिन्न समस्याहरूमा एकअर्कालाई सहयोग गर्न सक्छन् । बालकका लागि नयाँ सोचहरू र अवसरहरूबारे पत्ता लाउन सक्छन् । यस प्रक्रिया किन आवश्यक छ भने बहिरा बालकहरु सङ्गठित हुने अवसर मिल्छ र आइपर्ने समस्याहरु समाधान गर्ने काममा एक अर्कालाई सहयोग लिनेदिने अवसर पनि मिल्छ ।



सहयोगी समूह निर्माण गर्न समुदायले भेला हुने स्थान उपलब्ध गराउनु पर्छ । यस्ता स्थानहरु गाविस भवन, गैसस कार्यालय, स्वाथ्यचौकी भवन, विद्यालय भवन हुन सक्छन् । यस्ता सहयोगी समूहमा अरू परिवारहरू पनि सहभागी बन्न सक्ने र सबैलाई भेलामा उपस्थित हुने जानकारी दिइनु पर्छ ।

बहिरा बालक भएका सवैजसो परिवारहरूले एकै खालका सुखदुख भेलेका र अनुभव गरेका हुन्छन् । ती अनुभवहरु साटासाट गर्नु पर्छ । आफ्ना भावनाहरू, सूचनाहरू र विचारहरू एकआपसमा आदानप्रदान गर्नका लागि सहयोगी समूहहरु निकै उपयोगी हुन्छन् । यसकारण आफ्ना नानीहरूका लागि बढी सहयोगी हुने खालका समुदाय निर्माण गर्नु पर्छ । यसबारे थप जानकारीका लागि अध्याय १४ हेर्नुहोस् ।

## अन्य सामुदायिक सङ्घ संथाहरुले सहयोग गर्न सक्छन्

समुदायमा विभिन्न प्रकारका समुह आधारित समूहहरु हुन सक्छन् जस्तै महिला समूह, आमाबाबु समूह, किसान समुह वा बचत समूह आदि । त्यस्ता धेरै स्थानीय समूहहरूले सुन्न कठिनाइ हुने बालकका परिवारहरूलाई सहयोग गर्न सक्छन् ।

उदाहरणका लागि परिवारहरूलाई राम्ररी सुन्न नसक्ने नानीलाई पढाउन र हेरचाह गर्न अतिरिक्त समय आवश्यक पर्न सक्छ । यसो हुँदा तिनीहरु धेरै टाढा गएर ज्यालादारी काम गर्न नसक्ने हुन्छन् । समुदाय आधारित समूहले आयआर्जनका उपायहरू नजिकै खोज्न सहयोग गर्न सक्छन् । आमा समूह जस्ता समुदाय आधारित समूहहरूले बहिरा बालकहरूका लागि श्रवण सहयोगी यन्त्र, समुदायमा साङ्केतिक भाषा शिक्षक, बहिरका लागि शिशु शिक्षा, छात्रबृत्ति जस्ता सेवाहरुको व्यवस्था गरेर वा अन्य तरिकाले सहयोग गर्न सक्छन् ।

### आफ्ना बहिरा बालकको अन्य बहिरा व्यक्तिहरूबीच घुलमिल गराउनुहोस्

समुदायको प्रयासले समुदायमा रहेका बहिरा बालक र बहिरा व्यक्तिहरूबीच घुलमिल गराउन सक्छ। बहिरा वा राम्ररी सुन्न नसक्ने बालकहरूले एक आपसमा घुलमिल हुन थाले पछि उनीहरूको स्वाभाविकरुपमा समुदाय निर्माण हुन थाल्छ र आफ्नो भाषा र संचार सीप विकास हुन थाल्छ।

चिनको एउटा सहरमा बहिरा विद्यालयहरुमा पढिरहेका बहिरा बालकहरुको संख्या पत्ता लगाउन एउटा सर्वेक्षण गरिएको थियो। त्यस सर्वेक्षणबाट छिमेकी दुई परिवारका बच्चाहरू बहिरा भएको कुरा थहा पाउँदा ती दुबै परिवार आश्चर्यमा परेका थिए।

ठूलो सहर वा नगरमा बस्ने परिवारले पनि अन्य बहिरा व्यक्तिहरूसँग भेटघाट गर्ने उपायहरू खोज्नु पर्छ। सानो गाउँमै बस्ने भएता पनि त्यहाँ सङ्केतहरू र हाउभाउ गरेर संचार गर्न सक्ने बहिरा वा सुन्नसक्ने व्यक्तिहरु भेटिइन सक्छन्। सबैजसो यस्ता व्यक्तिहरू बहिरा बालक भएका परिवारहरूलाई सहयोग गर्न पाउँदा खुसी नै हुनेछन्।




**राम्ररी संचार गर्न सक्ने बहिरा व्यक्तिहरू बहिरा बालक भएका परिवारका लागि सबैभन्दा असल शिक्षक र परामर्शदाता हुन सक्छन्।**

धेरैजसो ठूला बस्तिहरूमा बहिरा व्यक्तिहरूले सामाजिक क्लबहरू, सङ्घहरू वा ठूला अनौपचारिक समूहहरू बनाएका हुन्छन्। कहिलेकहीं यस्ता सङ्घहरूले बहिरा बालक र उनका परिवारहरूका लागि कार्यक्रमहरूको आयोजना गर्छन्। त्यस्ता कार्यक्रमहरुमा बहिरा नानी र उनका परिवारलाई सहभागी गराइन्छ।




दिल्ली बहिरा महिला फाउन्डेसनले प्रत्येक वर्ष भारतको बहिरा बालकको प्रतिभा प्रतियोगिता आयोजना गर्छ। यसबेला परिवारहरू एक आपसमा भेटघाट गर्ने र बहिरोपनबारे जानकारी लिनेदिने गर्छन्। यस कार्यक्रमलाई फाउन्डेसनले 'बाल्यावस्थामा मै संलग्न गराउनुहोस्' भन्ने नाम दिएको छ। यस कार्यक्रमको मुख्य उद्देश्य बहिराहरुको समुदायमा हुने क्रियाकलापहरुमा बहिराहरु र उनीहरुका परिवारहरुलाई संलग्न गराउनु रहेको छ।

### बहिरा बालकहरूलाई शिक्षा र तालिम लिन सहयोग गर्नुहोस्

धेरै परिवारहरूले आफ्ना राम्ररी सुन्न नसक्ने र बहिरा बालकहरूलाई विद्यालय ठूलै सङ्घर्ष गर्छन्। यसो गर्न एउटा परिवारका लागि बहिरा बालकलाई पढ्ने व्यवस्था मिलाउन समय, उर्जा र स्रोत लाग्छ। लिन्छ। तर सिङ्गो समुदायले नै बहिराको शैक्षिक अधिकारका लागि काम गऱ्यो भने यसले ठूलो भिन्नता ल्याउन सक्छ।

अध्याय १२ मा भिन्न-भिन्न प्रकारका विद्यालयहरू र कक्षाहरूले बहिरा बालकहरू र उनीहरूका परिवारहरूलाई पुऱ्याउँने फाइदाहरूबारे जानकारी गराइएको छ।

बहिरा बालकहरूका लागि राम्रो शिक्षा र तालिमको व्यवस्था गर्न इच्छुक समुदायले आफ्नो स्थानीय वा राष्ट्रिय बहिरा सङ्घ र शिक्षा मन्त्रालयसँग सम्पर्क राख्नुपर्छ। ती संस्थाहरुले त्यस क्षेत्रमा बहिराहरूका लागि शिक्षाका अवसरहरू र कानुनहरूबारे जानकारी दिन सक्छन्। धेरै देशमा बहिरा बालकहरूका साथै सबै बालकहरूका लागि शिक्षा मानव अधिकारको रुपमा स्वीकारेका छन्।

#### सचेतना नै परिवर्तनका लागि पहिलो खुड्किलो हो

वयस्क बहिराहरु, आमाबाबुहरू र समुदायका सदस्यहरूले सरकारी अधिकारीहरूसँग मिलेर काम गर्नुपर्छ। यसो गर्दा सरकारी अधिकारीहरूलाई बहिरा बालकहरूका आवश्यकताहरू र उनीहरूका क्षमताबारे जान्न सहयोग पुऱ्याउँछ। सै ती अधिकारीहरुले समुदायसँगको सहकार्यमा बहिरोपन सम्बन्धी अज्ञानता र भ्रमहरूलाई हटाउन सक्छन्।




विद्यालयहरूलाई बहिरा बालकहरू पढाउन विशेष प्रकारको स्रोत तथा साधन आवश्यक पर्छन्। ती आवश्यकताहरु पुरा गर्न समुदायले सहयोग गर्न सक्छन्, ती मध्ये केही तल दिइएका छन्।

- शिक्षकहरूलाई थप तालिमको व्यवस्था : जस्तै बहिरा बालकहरूसँग संचार गर्ने तरिकाबारे तालिम।
- वयस्क बहिराहरुलाई निम्ता दिन : तिनीहरुले शिक्षकको रुपमा काम गर्न सक्छन्। तिनीहरुले विद्यालयका शिक्षकहरू, परिवारहरू र विद्यार्थीहरूलाई साङ्केतिक भाषा सिकाउन सक्छन्। वा उनीहरूले बहिरा बालकहरू केन्द्रीत कक्षाहरु संचालन गर्न सक्छन्। अध्याय १२ मा स्थानीय विद्यालयमा बहिरा बालकहरूलाई बढी सिक्न सहयोग गर्ने क्रियाकलापहरू समावेश गरिएका छन्।
- विद्यार्थीहरूलाई थप सीपमूलक तालिमहरूको व्यवस्था : जस्तै आयआर्जनका सीपहरुसम्बन्धी तालिम।

बहिरा बालकहरूलाई आफ्नै विद्यालय वा कक्षाहरू मै एक आपसमा घुलमिल गराउँदा बालकहरूको समुदाय निर्माण त हुन्छ नै एक अर्काबाट एक्लिने सम्भावना पनि टर्छ। समुदाय सचेत बनेर क्रियाकलापहरु संचालन गर्न थालेपछि तिनीहरुले स्थानीय तथा राष्ट्रिय बहिरा सङ्घहरू, दातृ निकायहरू वा सरकारबाट सहयोग रकम पाउन पनि सजिलो पर्छ।

## बहिरा बालकहरूलाई सहयोग गर्न गरिएका प्रयासहरूबाट सबैलाई फाइदा हुन्छ

मानिसहरूले एक अर्काको हेरचाह गरेमा, एक अर्काप्रति जिम्मेवार भएमा र उनीहरूले मानिसहरू बीचका भिन्नताहरू र समानताहरूलाई स्वीकार गरेमा सिङ्गो समुदायनै सुदृढ हुनेछ । अत: बहिरा बालकहरूका विशेष आवश्यकताहरूमा ध्यान केन्द्रित गर्दा प्रायस: सिङ्गो समुदायकै अवस्थाहरूमा सुधार आउँछ ।



समुदायका सबै बालकले सुधारिएका सामाजिक सेवाहरू (जस्तै श्रवण परीक्षण र शिक्षा र तालिममा राम्रो पहुँच) बाट फाइदा लिन सक्नेछन् ।

जब मानिसहरूले साझा लक्षका लागि एकैसाथ मिलेर काम गर्न सिक्छन् तब तिनीहरुले एक्लै भन्दा सामूहिक प्रयत्नबाट बढी प्राप्त हुने रहेछ भन्ने सिक्न सक्नेछन् । कुनै एक उद्देश्यका लागि सङ्गठित समुदायले त्यसबाट प्राप्त अनुभवलाई अरु नै प्रकारका आवश्यकता पूरा गर्न तथा अन्य आयोजनाहरु चलाउन प्रयोग गर्न सक्छ ।

जब शिक्षकहरूले सुन्न नसक्ने बालकहरूसँग राम्ररी संचार गर्न सक्छ तब उसले अरु बालकहरूसँग झन् राम्ररी संचार गर्न सक्छ र पढाउन सक्छ ।




राम्ररी सुन्न नसक्ने बालकहरूलाई शिक्षा र सहयोग दिइएन भने उनीहरूले अरुसँग संचार गर्ने सीप सिक्न सक्दैनन् । यसैगरी उनीहरुले काम पाउन, आफ्नो हेरचाह गर्न वा अरूसँग शान्तिपूर्वक मिलेर बस्न आवश्यक पर्ने सीपहरू सिक्न सक्ने छैनन् । उनीहरूको असन्तुष्टि र गरीबी, उनीहरूका परिवारहरूका लागि मात्र होइन, छिमेक र समुदायकै लागि बोझ बन्न सक्छन् ।

यहाँ ब्राजिलको एउटा समूहले बहिरा बालकको जीवनमा परिवर्तन ल्याउन समुदायमा कसरी काम गरिरहेको छ भन्ने विषयमा एउटा कथा दिइएको छ ।

### सहरले नयाँ भाषा सिक्छ

ब्राजिलको उत्तरपूर्वी सहरमा एउटा चर्चले एउटा सानो बहिरा बाल विद्यालय खोल्यो । त्यसको लगत्तै बहिरा बिद्यार्थीका आमाबाबुहरुले एउटाचाँडै आमाबाबु समूह बनाए । सो समूहको नाम 'काबोका बहिराहरूका आमाबाबु र साथीहरू' छोटकरीमा अपास्क (APASC) हो । सो समूहले सुन्न सक्ने मानिसहरूका लागि साङ्केतिक भाषाको कक्षा चलाउने निर्णय गऱ्यो । यसको उद्देश्य समुदायका अरु व्यक्तिहरुलाई आफ्ना बालकहरूसँग संचार गर्न सक्ने बनाउनु थियो । साङ्केतिक भाषा सिकाउने उनीहरुले नजिकैको शहरको बहिरा संघबाट शिक्षक ल्याए । सो शिक्षकले बहिराका आमाबाबु र परिवारहरूलाई साङ्केतिक भाषा सिकाए ।



**धेरै व्यक्तिहरूले साङ्केतिक भाषाका कक्षा लिए र समुदायमा बसोबास गर्ने बालक र वयस्कहरूसँग संचार गर्ने तरिकाहरू सिके ।**

अपास्क समूहले बहिरा बालकहरूका लागि सरकारी एउटा छुट्टै विद्यालय खोल्न लगायो । विद्यालयले तालिम प्राप्त शिक्षकहरू नियुक्त गरी बहिरा बालकहरूका लागि कक्षाहरू सञ्चालन गऱ्यो । बहिरा बालकहरू सुन्न सक्ने विद्यार्थीहरूसँगै विद्यालयका क्रियाकलापहरूमा सहभागी हुन थाले । चाँडै नै सहरका विद्यालयहरू, पसलहरू र गल्लीहरूमा साङ्केतिक भाषा जान्ने व्यक्तिहरु प्रशस्त देखिन थाल्यो ।

पहिले धेरै मानिसहरू बहिरा मानिसहरू मानसिक रूपमै कमजोर हुन्छन् भनी ठान्दथे । अहिले बहिरोपनसम्बन्धी उनीहरूको सोच फेरिएको छ । चर्चमा साङ्केतिक भाषाका दोभाषे छन् । समुदायमा बहिरा किशोर किशोरीले काम पाएका छन् र बहिरा बालकहरू सुन्न सक्ने बालकहरूसँग खेलिरहेका देखिन्छन् ।

अपास्क समूहले आफ्नो समुदायमा बहिरोपनबारे सचेतना अभिवृद्धि गर्न सहयोग गरिरहेको छ । यसले बहिरा बालकहरुका आमाबाबुहरुको कार्यशाला र मासिक बैठकहरू सञ्चालन गर्छन् । यस्ता कार्यक्रमहरुबाट बहिरा बालकहरुका आमाबाबुहरुबीच समस्या समाधानका लागि एकअर्कामा सहयोग पुगेको छ, उनीहरुले बहिरोपनबारे थप जानकारी लिन सकेका छन् र आफ्ना बहिरा बालकहरूसँग संचार गर्ने सीप सिकेका छन् । अपास्क समूहले समुदायका धेरै प्रयोगमा आउने ५०० शब्दहरुको साङ्केतिक भाषाको एउटा सरल शब्दकोश प्रकाशित गरेको छ ।

सबै बालकहरूलाई आफ्नो क्षमताको पूर्ण विकास गर्न सक्ने समाजको निर्माणका लागि उनीहरू सहकार्य गरिरहेका छन् ।